RR Interdisciplinary Journal Vol. 4 No. 4 December, 2023 (2080 Mangsir) PP 101-110

# नेपालमा लेखन पद्धतिको विकासक्रम

सुनिता राजभण्डारी*


## लेखसार

प्रस्तुत लेखमा नेपाललिपिको मूल लिपि र विकासक्रमबारे विश्लेषणात्मक अध्ययन कसरी गर्न सकिन्छ भन्ने मूल समस्या उठाई त्यसको समाधान गरिएको छ । नेपाललिपिको मूल लिपि पत्तालगाउनु र विकासक्रमको बारे थाहा पाउनु यस अध्ययनको औचित्य रहेको छ । *लेखन पद्धति भन्नाले ध्वनिलाई जनाउन प्रयोग गरिने चिन्ह भनेर बुझ्नुपर्छ । भाषाको दुई रूप मध्ये एउटा कथ्य र अर्को लेख्य हो । कथ्य भाषाको प्रयोग झण्डै एकलाख वर्ष भयो भन्ने अनुमान गरिएको छ भने लेख्य भाषा अर्थात् भाषालाई लिपिबद्ध रूपमा प्रयोग गर्न थालिएको झण्डै १० हजार वर्ष भयो भनी अनुमान गरिएको छ । भाषिक विचार, भाषिक व्यापार तथा सृजनात्मक जुनसुकै कार्यव्यापार आदिको संरक्षण तथा सम्वर्द्धन, प्रवर्द्धन गर्ने हेतुले लिपिको महत्ता झन् प्रगाढ बनेको छ । तसर्थ लेखन पद्धतिले मानव जीवनमा सहजता सरलता तथा बोधगम्यताको भूमिका निर्वाह गरेको हुन्छ । साथै यस्को प्रयोगले प्राग-ऐतिहासिक तथ्यहरूको बारेमा थाहा पाउन सकेको छ र भविष्यको लागि पनि संरक्षण गर्नुको यसको बेग्लै महत्त्व छ । विश्वमा लेखन पद्धतिको सुरुवात चित्र (शून्य) लेखनबाट सुरु भएर अर्थतात्त्विक लेखन हुँदै ध्वन्यात्मक लेखन अन्तर्गत शब्दाक्षरात्मक, अक्षरात्मक लेखन पद्धतिबाट विकास हुँदै अहिलेको २१ औं शदीसम्म आइपुग्दा वर्णात्मक लेखन पद्धतिलाई नै लेखन पद्धतिको पराकाष्टा मान्नुपर्छ । ईसा पूर्व २५५ मा नेपालको निग्लिहवामा सम्राट असोकको स्तम्भमा ब्राह्मीलिपि भेटाइएको छ । प्रामाणिक रूपमा भेटाइएको सम्राट असोकका दुईवटा स्तम्भमा ब्राह्मीलिपि नै कुँदिएको पाइन्छ । त्यसपछि ईस्वीको चौथौं शदी देखि छैठौं शदीसम्म गुप्तलिपि र छैठौं शदीदेखि नवौं शदी सम्म कुटिलालिपि विकास भइआएको देखिन्छ । गुप्तलिपिलाई नेपालमा पूर्वलिच्छविलिपि र कुटिलालिपिलाई उत्तरलिच्छविलिपि भनिन्छ । यहि कुटिलालिपिबाट विकास गरिएको अर्को लिपिबाट नै प्राचीन नेपाललिपि विकास भएको हो भनी देखिन्छ । यस अनुसन्धानात्मक अध्ययनमा नेपालमा लेखन पद्धतिको विकासक्रम के कसरी र कहिलेदेखि भयो साथै नेपाललिपिको मूल लिपि कुन हो भन्ने बारेमा विश्लेषणात्मक पद्धतिबाट प्रस्तुत भएको छ ।*


**शब्दकुञ्जी :** लेखन पद्धति, वर्णात्मक लेखन, ब्राह्मीलिपि, नेपाललिपि, रञ्जनालिपि

## विषय परिचय

लेखन भन्नाले कुनै पनि भाषाको ध्वनिलाई जनाउन लिपिबद्ध गर्न प्रयोग हुने चिन्ह अथवा संकेत भनेर बुझ्नुपर्छ ।

* नेपाल भाषा विभाग, त्रि.वि., रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौँ । sonushrestha@gmail.com

भाषाको एउटा कथ्य र अर्को लेख्य गरी दुई रूप हुन्छन् । ध्वनि अथवा उच्चारणबाट सम्प्रेषण गर्ने भाषालाई कथ्य भाषा भनिन्छ भने लेखेर अथवा लिपिबद्ध गरी सम्प्रेषण गर्ने भाषालाई लेख्य भाषा भनिन्छ । भाषाको कथ्य रूप अमूर्त हुन्छ भने लेख्य रूप मूर्त हुन्छ । लिखित परम्परा मानव सभ्यतासँगसँगै विकास भएको महत्त्वपूर्ण र अत्याआवश्यक साधन हो । लेखनकलाको उत्कर्षताले नै आजको युगमा ज्ञानविज्ञानको खोजी तथा आविस्कार सम्भव भएको छ । विभिन्न विद्वानहरूको अनुसन्धानअनुसार कथ्य भाषाको प्रयोग करिब एकलाख वर्ष भयो भन्ने अनुमान गरिएको छ भने लेखनको इतिहास जम्मा दशहजार वर्ष पुरानो हो भनेर भनेका छन् । यहि ऐतिहासिक तथ्यको आधारमा के प्रष्ट हुन्छ भने कथ्य पहिला आएको र मूल हो भने त्यसको प्रतिलिपिको रूपमा पछि मात्र लेख्य परम्परा अगाडि बढेको हो । आजसम्म पनि कत्ति भाषाहरूको लेख्य रूप अथवा लिखित परम्परा छैन । त्यस्तै कति भाषाको कथ्य रूप नभइ लेख्य रूप मात्रै बाँकी रहेका भाषा पनि थुप्रै छन् ती मध्ये मुख्य त संस्कृत-भाषा हो (महर्जन, नेसं.११३१, पृ. ६६) ।

ईसा पूर्व तेस्रो शदीका महान् विचारक युनानी दार्शनिक एरिष्टोटलले लेखेका छन् : "बोलिने शब्द मनको अनुभवको चिन्ह र लेखिएका शब्दहरूका संकेत हुन ।" यसको मतलव भाषालाई लेखनले लिपिवद्ध गरी प्रस्तुत गदर्छ । त्यस्तै सञ्चारको क्षेत्रमा प्रेषक र प्रापक बिच स्पष्ट विचारको विनिमय गर्न प्रयोग हुने प्रणालीलाई अङ्गिकार गर्दै दृश्यमान पारम्परिक चिन्हहरूको व्यक्त गरिने मानिसको अन्तरसञ्चारको पद्धति नै लेखन हो भनी आइ.जे. गेल्बले आफ्नो विचार परिभाषित गरेका छन् । त्यस्तै मिश्र (इजिप्ट)र एलममा पनि ईसा पूर्व तीन हजार वर्षदेखिको लिखित सामग्री पाइएको पाउँछौं । सिन्धुघाटीमा २२०० ईसा पूर्वदेखि, एनातोलिया र सिरियाका हिट्टाईटहरूमा १५०० र चीनमा १३०० ईसा पूर्वदेखिका अभिलेखहरू पाइएका छन् (रेग्मी, विसं.२०६०, पृ. ३) ।

## अध्ययन विधि

यस अध्ययनमा मुख्यत: सामग्री सङ्कल पुस्तकालय विधिद्वारा गरिएको छ । यस लेखमा विश्व लेखन पद्धतिको विकासक्रमदेखि नेपालमा मुख्यतया नेपाललिपि लेखन पद्धतिको विकासक्रमको इतिहास समेट्ने प्रयास गरिएको छ । यो लेख नेपालभाषा स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि लिपि विकासक्रमको अध्ययन हेतु लेखिएको हो । यस लेखमा उपलब्ध तथ्यको विश्लेषण गरी निष्कर्षमा पुग्न व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस लेखमा विश्व लेखनका लेखन पद्धतिको सुरुवातदेखि नेपाललिपिसम्मको विकासक्रम तथा यो लिपिको हालको अवस्थाबारे मात्रै अध्ययन गरिन्छ ।

## लेखन पद्धतिको विकास (Development of Writing System)

लेखन भन्नाले मानव मन-मष्तिष्कबाट उब्जेका भाव, विचारहरूलाई लेखेर वा कुँदेर लिपिबद्ध गर्नु हो । लेखन पद्धति भन्नाले मानवविकास सँगसँगै उनीहरूको मानसपटलमा उब्जेका अनेकौं भाव, विचारहरूको लिपिबद्ध अभिलेखीकरण गर्न सर्वसहमत हुनेगरी चलाएको प्रणाली हो भनेर बुझ्नुपर्छ । लेखन पद्धतिको इतिहास खोतलेर हेर्दा

आजभन्दा ५० हजार वर्ष अघि कुँदिएका चित्रलाई लिइन्छ तर भाषिक सम्प्रेषणको दृष्टिकोणले हेर्दा लेखनपद्धतिको इतिहास १० हजार वर्ष मात्र पुरानो देखिन्छ (महर्जन, नेसं.११३१, पृ.६६) । चित्रलेखनदेखि ध्वन्यात्मक लेखनको विकासक्रमलाई यसरी विभाजन गरी हेर्न सकिन्छ

**पहिलो चरण - चित्र लेखन (शून्य लेख) (First Stage – Figure/Embryo Script)**

आजभन्दा ५० हजार वर्ष अघि पाषाण आदिमानवको युगमा जब मानिसहरू शिकारी जनजीवन बिताउँदथे त्यतिबेला जीवनका भोगाईहरूमा आएका समस्या अथवा अनुभवजन्य कति कुराहरूलाई कुनै रेखा वा चिन्ह आदि कोरेर केहि संकेत हुने गरी गुफाभित्र अनेकन चित्रहरू कुँदिएका छन् । त्यस युगमा लेख्ने काम त सुरु भयो तर अर्थतात्त्विक र भावतात्त्विक रूपमा लेखन हुन सक्यो सकेन विभिन्न विद्वान्हरूको मतैक्य भएको देखिन्दैन (पौडेल, विसं. २०७८, पृ. ०२) । यो लेखन, लेखनप्रणालीको भ्रुण अवस्थामात्र थियो, जसलाई भ्रुण लिपि अथवा शून्य लेखन (Embryo Script) भन्न सकिन्छ । फ्रान्स, स्पेन, पोर्चुगल, इटली, युवनान, मिश्र, अप्रिका,अमेरिका, ब्राजिल, अष्ट्रेलिया आदि ठाउँको गुफामा आदिमयुगका चित्रण भेटाइएको पाइन् ।

**दोस्रो चरण- अर्थतात्त्विक लेखन (Second Stage – Ideography)**

यस चरणमा वास्तविक लेखन सुरुवात भयो । पहिलो चरणमा कुँदिएका चित्रहरू यस चरणमा आएर केहि हदसम्म अर्थतात्त्विक दृष्टिकोणबाट प्रयोग गरिएको पाइएको छ र यसले भाषिक सम्प्रेषण गरेको देखिन्छ । यस चरणमा लेखन- पद्धतिलाई भाषाविद्हरूले चित्र-लेखन र भाव-लेखन गरी दुई भागमा विभाजन गरिइको छ ।

**चित्रात्मक लेखन (Pictorial Writing)**

शून्य लेखनको समयमा लेखेका तथा कुँदिएका चित्र-लेखनको विकसित रूप नै चित्रात्मक लेखन हो । त्यतिबेला कुँदिएका वा लेखिएका चित्र संस्मरणका लागि मात्र नभइ भाषिक सम्प्रेषका लागि भइदियो । त्यतिबेलाको चित्रात्मक लेखनमा सजावत र अलङ्कृतलाई छोडेर भाषिक सम्प्रेषण पनि ध्वनितात्त्विक नभइ अर्थतात्त्विकसित मात्र सम्बन्धित भएको देखिन्छ । जस्तै : मानव, मानिस, मनुष्य, Man, मनू आदि बुझाउन मानिसको चित्रले बुझाउने गर्दछ (महर्जन, नेसं.११३१) । पाँच हजार वर्ष पुरानो सुमेरियन सभ्यतामा चित्रहरूलाई माटोको चक्कामा कुँदिएर आगोमा पोलेका हुन्थे भने मिश्रको सभ्यतामा पनि देव-देवीका मन्दिरको भित्ताहरूमा आ-आफ्नो संस्कृति र पहिचान झल्किने गरी चित्र कोर्ने प्रचलनसमेत रहेको थियो (पौडेल, विसं. २०७८) । मिश्रको यहि धार्मिक तथा सार्वजनिक स्थानका भित्ताहरूमा कुँदिएका लेखनलाई पवित्रलेखन (हाइरोग्लिफिक स्क्रिप्ट) भनिन्छ । यो चित्रात्मक लेखन पद्धतिको उत्कर्षता थियो । मिश्रमा प्रचलित यो पवित्रलेखनको लेखनशैली कुनै अभिलेखमा दाँयाबाट बाँया भए कुनैमा बाँयाबाट दाँया र कुनैकुनैमा मिश्रित शैली पनि पाए (पौडेल, विसं. २०७८. पृ. ७) ।

## भावनात्मक लेखन (Abstract/Symbolic Writing)

यस चरणमा कुनै घटनाको वर्णन गर्न अथवा वैचारिक भाषिक सम्प्रेषण गर्न सक्ने भयो र एउटै चित्रले विभिन्न भाषिक सम्प्रेषणमा प्रयोग गरेको पाइएको देखियो । जस्तै : गोलो प्रकाश छरेको चिन्ह वा चित्रले सूर्यसँग सम्बन्धित विभिन्न शब्दहरू बिहान, प्रकाश, सूर्य, सूर्यवंशी, गर्मी, उज्यालो, दिउँसो, शक्तिशाली आदि अर्थ बोध गर्ने भयो । रुखबाट फल झरेको र तलबाट मानिसले हात थापेर लिइराखेको चित्रले मानिसले फल टिप्यो भन्ने संकेत दिइन्थ्यो (पौडेल, विसं. २०७८) ।

## तेस्रो चरण – ध्वन्यात्मक लेखन (Third Stage –Phonetic Writing)

यस चरणको लेखन आजसम्मको विकसित रूप हो । भाषाको पूर्ण प्रतिनिधित्व गर्ने लेखन पद्धतिको सुरुवातको रूपमा ध्वन्यात्मक लेखनलाई लिने गरिन्छ । चित्रात्मक लिपिको चिन्ह स्वरूप भाषाको ध्वनि उच्चारित हुने लिपि नै ध्वन्यात्मक लेखन पद्धति हो । यसमा निश्चित ध्वनिको लागि निश्चित चिन्ह मात्र हुन्छ । आजसम्म प्रयोगमा आइरहेको तीनथरि ध्वन्यात्मक लिपि यसप्रकार छ -

## शब्दाक्षरात्मक लेखन (Logographic Writing)

शब्दाक्षरात्मक लेखनमा एउटा शब्दको लागि एउटा चिन्ह प्रयोग गर्छ । यो चित्रात्मक लेखन पद्धतिको विकसित रूप भएर यसलाई चित्रात्मक लेखन पनि भनिन्छ । यस्तो लेखन पद्धति अहिले पनि चिनिया भाषामा पाइन्छ । जस्तै कि यो भाषामा मानिस (रेन), सूर्य (रि) र खेत (थ्यान)लाई जनाउने शब्दाक्षरात्मक लिपि उनीहरूको ४५०० शब्द मध्ये १३०० वटा शब्द सिकिसकेपछि मात्र लेख्न र पढ्न सकिन्छ भन्ने मान्यता छ । तसर्थ यो लिपि सिक्न एकदमै गाह्रो हुनु स्वभाविकै हो । मेसोपोटामियामा सुमेरियनहरूले आफ्नो प्रभुत्व जमाउन करीब चार हजार वर्षअघि शब्दाक्षरात्मक लेखनको चरणमा कीलाक्षर लिपि चलाए । कीलाजस्ता आकारका त्रिकोणात्मक चिह्नहरूद्वारा लेखिने लिपि नै क्यूनिफर्म अर्थात् कीलाक्षर लिपि हो । यस कीलाक्षर लेखनमा चिह्नहरूको लेखाई कोणात्मक भएको र छेउछेउमा यस्तो रेखा दोहोरिन जाँदा अन्त्यमा त्रिकोण स्वरूपको विकास भएको मानिन्छ (पौडेल, विसं. २०७८. पृ. ७) ।

## अक्षरात्मक लेखन (Syllabic Writing)

शब्दाक्षरात्मक लेखनमा एउटा शब्दको लागि एउटा लिपि निर्माण गरिएको हुन्छ भने अक्षरात्मक लेखन- पद्धतिमा एउटा अक्षरको लागि एउटा लिपि निर्माण गरिएको हुन्छ । यसमा एउटा अक्षरको लागि एउटा ध्वनि चिन्हको प्रयोग भएको हुन्छ । हजारौं शब्दचिह्नहरूको प्रयोग गरी लेखिने लेखन पद्धतिको तुलानामा कम सङ्ख्याका अक्षरचिह्नहरूको मात्र उपयोग गरिने भएकोले यो लेखनपद्धति सजिलो र छरितो मानिएको थियो (पौडेल, विसं. २०७८. पृ. ५)। चेरी र जापानी दुइवटा अक्षरात्मक लिपिको उदाहरण हो । यो लेखन पद्धतिमा स्वरवर्ण र व्यञ्जनवर्ण नछुटिने र साथै विभिन्न अक्षरको लागि विभिन्न लिपि निर्माण हुने हुँदा यसमा पनि धेरै लिपिका चिन्हहरू हुने नै

भए। चेरी-लिपि उन्नाइसौं शताब्दीको पूर्वार्द्धमा सन् १८२१मा सिक्वाइ भन्नेले निर्माण गरेको हो।

| | | | | |
|---|---|---|---|---|
| गा | गे | गी | गो | गू |
| F | H | Y | A | J (महर्जन, नेसं ११३१, पृ. ६७)। |

## वर्णात्मक लेखन (Phonemic Writing)

लेखन पद्धतिको इतिहासमा वर्णात्मक लेखन विकसित एवं अत्याधुनिक लेखन पद्धतिको रूपमा आजको विश्व सामु छ। यो पद्धति सबैभन्दा सजिलो लेखन-प्रणाली हो। यसमा सीमित मात्रामा वर्ण हुने भएकोले यो लिपि चाँडै सिक्न सकिन्छ। संसारको धैरै भाषामा प्रयोग हुने लिपि वर्णात्मक हो। अंग्रेजी भाषाको रोमन लिपि, नेपाली र हिन्दी भाषाको देवनागरी लिपि, बङगाली भाषाको बङ्गाली लिपि र नेपालभाषाको नेपाललिपि आदि सबै वर्णात्मक लेखन-पद्धतिको आधारित लिपिहरू हुन्।

**लिपिको विकासक्रम यस्तरी तल चित्रमा देखाइए अनुसार भएको देखिन्छ।**

वस्तु ⟶ वस्तु-चित्र ⟶ चित्रलिपि ⟶ भावचित्रलिपि ⟶ चित्र शब्दित ⟶ शब्दाक्षरात्मक चित्र ⟶ शब्द प्रतीक ⟶ ध्वनिवर्ती शब्द प्रतीक (सत्येन्द्र, सन् १९८९, पृ. १९२)।

## नेपालमा लेखन पद्धतिको विकास (Development of Writing System in Nepal)

नेपालमा ईसा पूर्व २५५को निग्लिहवामा रहेको असोक-स्तम्भ सबैभन्दा पुरानो स्तम्भ मानिन्छ। हालसम्म भेटाइएको स्तम्भहरू मध्ये सम्भवत: नेपालमा भेटाइएको पहिलो स्तम्भाभिलेख यही नै हुनुपर्छ। यस स्तम्भमा ब्राह्मीलिपि प्रयोग गरेको पाइन्छ । त्यस्तै राजा असोककै अर्को स्तम्भ राज्याभिषेकको २०औं वार्षिकोत्सवको उपलक्ष्यमा ब्राह्मीलिपिबाट नै लुम्बिनीमा स्तम्भ गाडिएको पाइएको छ। ब्राह्मी लिपिमा उत्कीर्ण भएका तीनवटा शिलास्तम्भहरू भेटाइएको पाइन्छ - १. अहिलेको रूपन्देही, लुम्बिनीमा २. कपिलवस्तु, निग्लिहवामा र ३. कपिलवस्तु गोटिहवामा (तर अहिले यो स्तम्भमा अभिलेख देखिँदैन) (पौडेल, विसं. २०७८. पृ. ४७) । यसरी नेपालमा यी पाइएका शिलास्तम्भहरुबाट लेखनकलाको सुरुवात असोक-स्तम्भबाट भयो भनेर भन्न सकिन्छ।

पाँचौं शदीदेखि नवौं शदीसम्म नेपालका लिच्छविकालीन अभिलेखहरूको लेखनलाई लिच्छविलिपि भनियो। भारतमा चौथौंदेखि छैठौं शदीसम्म चलेको लिपिलाई नेपालमा पूर्वलिच्छविलिपि र गुप्तलिपि पनि भनिन थालियो। त्यस्तै छैठौंदेखि नवौं शदीसम्म चलेको लिपिलाई नेपालमा उत्तरलिच्छविलिपि र कुटिलालिपि (कुटिलाक्षर, विकटाक्षर, सिद्धमात्रिका) पनि भनिन्छ (नेपाललिपिगुथि, ने.सं ११३८)। आठौं शदीमा लिच्छवि शासनको अन्त्य भएतापनि त्यतिबेलाका लेखनका अधिकांश विशेषताहरू ११ औं शदीसम्म कायम नै रह्यो। १२औं शदीदेखि

पारम्परिक त्रिकोण डीकोको ठाउँमा कोणात्मक डीकोको विकास भयो जसको कारण उर्ध्वरेखाको माथिल्लो भाग बाङ्गो जस्तो देखिने वर्ण तथा मात्रा र संयुक्ताक्षर पद्धतिमा केहि फरक लाग्ने लेखनको विकास भयो जसलाई प्रारम्भिक नेवारी भनिएको छ (रेग्मी, विसं. २०६०, पृ. ६) । यहि बेलादेखि नै नेपाललिपिमा विभिन्न डीको शैलीका विभिन्न लिपिहरूको विकास भए । ती यसप्रकार छन्- भुजिंम्वललिपि, ग्वलम्वललिपि, क्वँय्म्वललिपि, कूँम्वललिपि, हिँम्वललिपि, लितुम्वललिपि, पाचूम्वललिपि,रञ्जनालिपि आदि हुन् (नेपाललिपिगुथि, ने.सं ११३८) ।


नेपाल सम्वत् ६०० अर्थात् १६ औं शदीसम्म भुजिंम्वललिपि प्रचलनमा रहेको थियो पछि यो लिपि एकाएक हराए र नेपाललिपि द्रुतत्तर रूपमा अगाडि आए । राष्ट्रिय अभिलेखमा संग्रहित मल्लकालीन ग्रन्थहरूमा तुलनात्मक रूपमा नेपाललिपिबाट लेखिएका पाण्डुलिपि ग्रन्थहरू थुप्रै अभिलेखिकरण गरिएका छन् । अठारौं शदीमा गोर्खाका राजा पृथ्वीनारायण शाहद्वारा काठमाण्डौ उपत्यका जितिसके पश्चात् नेपाललिपि, रञ्जनालिपिमा पक्कै पनि ह्रास आएको हो । प्रेस छपाई प्रविधि नआउञ्जेल धैरथोर नेपाललिपि प्रचलनमा रह्यो । खास किसिमको वर्णका मोटा पातला धर्साहरू, अंकुश, गाँठो, गोलोपन, डीको, मात्रा चिह्न, पंक्तिबद्धता आदिको संयोजनका कारण मध्यकालीन नेपाली लेखनका भुजिंम्वल र रञ्जना सुलेखन वा क्यालिग्राफीका राम्रा उदाहरण भएका छन् (रेग्मी, वि.सं. २०६०, पृ. ६ - ७) । नेपालमण्डलभित्र शक् सम्वत् १०७ मा भेटाइएको राजा जयवर्माको शिलाभिलेखमा पनि ब्राह्मीलिपि प्रयोग भएको पाइएको छ । नेपालमा लेखन कलाको विकास २१०० वर्ष भन्दा पुरानो छ भनेर यही प्रमाणको आधारमा पनि भन्न सक्छौं (बाङ्गदेल, २०६३) । सिन्धुघाटीको सभ्यताको उत्खननबाट भेटाइएका शील-छापहरूबाट पनि प्रष्टिन्छ कि ईसा पूर्व २२०० वर्षतिरै सिन्धुबासीहरू लेखपढ गर्न सक्थे भन्ने विभिन्न विद्वान्हरूका भनाई रहेका छन् (रेग्मी, विसं २०६०) ।

भारतवर्ष हुँदै नेपालमा पनि ब्राह्मीलिपिकै मूललाई अङ्गाली दक्षिणबाट नेपाल भित्रिएका गुप्तहरूले त्यही लिपि लिएर आए । गुप्तलिपिको डीको त्रिकोणात्मक किसिमको थियो, जसलाई नेपालमा पूर्वलिच्छविलिपि पनि भनिन्छ । पछि सोही लिपि नै विस्तारै परिष्कृत हुँदै कुटिलालिपिमा विकास भए । कुटिलालिपिको डीको अलि घुमाउरो किसिमको थियो, जसलाई नेपालमा उत्तरलिच्छविलिपि पनि भनिन्छ (बज्राचार्य, ने.सं. ११३५, पृ. १६) । अनि नवौं शताब्दी यतादेखि नेपाललिपि र देवनागरीलिपि दुवै सँगसँगै नेपालमा विकास भएको पाइन्छ । ११औं शताब्दीदेखि १८औं शताब्दीसम्म रञ्जना लिपिको प्रचलन बढि नै भएको देखिन्छ र नवौं शताब्दीदेखि २०औं शताब्दीसम्म नेपाललिपि प्रचलनमा रहेको देखिन्छ (नेपाललिपिगुथि, ने.सं. ११३८, पृ. १८) । रञ्जनाको अर्थ हेर्दा आकर्षक र रञ्ज अर्थात् आनन्द दिने र अत्यन्तै राम्रो खालको कलात्मकताले भरिएको भन्ने बुझिन्छ । तसर्थ यसको नामकरण नै रञ्जनालिपि हुन गयो । यसलाई तिब्बतीहरुले *लान्च:* भनिन्छ । *लान* को अर्थ रञ्जना र *च:* को अर्थ अक्षर हो । नेपाललिपिको पाचूम्वल, रञ्जना र भुजिंम्वल गरी तीनवटा भेद छ । आजभोलिको नेपाललिपि पाचूम्वलबाट विकसित भएको हो (नेपाललिपिगुथि, ने.सं ११३८, पृ. २५) ।

ब्राह्मीलिपिको मूललाई अङ्गाली विकास हुँदै आएको नेपालको हाल प्रचलित लिपि देवनागरी पनि एक हो । नवौं शदीमा विकास भएको नेपाललिपिलाई पछि १७औं शदीमा आएर राजा प्रतापमल्लले आफ्नो हनुमानढोकाको पानी

ट्याङ्की (जःहुं, जलद्रोणी) अभिलेखमा नेपाल सम्वत् ७७४ सालमा नेपाललिपिलाई 'नेवार आखर' भनि लेखाइएको छ । यसरी बोलीचाली भाषामा नेवार आखर, नेवाः आखः आदि प्रयोग हुँदै रहेपनि लिखितमा नेपाललिपि प्रचलनमा आइरहेकै थियो । पछि यो लिपि धेरै प्रचलनमा आएको हुनाले यो लिपिको नाम नै प्रचलित लिपि पनि रहन गयो । तर वास्तवमा यसको नाम नेपाललिपि नै हो (कसाः, ने.सं.११३५, पृ.३३) । लेखन कला सांस्कृतिक अङ्ग हो । लेखनशैलीहरूको विश्लेषणबाट कुनै निश्चित ठाउँ र समयमा प्रचलित लेखनका किसिम छुट्याउन सकिन्छ । यसरी नै वर्णका आकारप्रकारका आधारमा कुनै संस्कृति र त्यसको अन्य संस्कृतिसँगको सम्बन्धको व्याख्या गर्न सकिन्छ (रेग्मी, वि.सं. २०६०, पृ. ८) ।  विश्वमा सौन्दर्य कलाले भरिएको नेपालको रञ्जनालिपि धार्मिक तथा सांस्कृतिक रूपले महत्त्वपूर्ण रहेको छ (नेपाललिपिगुथि, ने.सं ११३८, पृ. ११) । धार्मिक रूपले बीजाक्षर र कुटाक्षर पनि यहि लिपिमा नै लेख्ने गरिन्छ ।

चित्र नं. १ :




चित्र नं १ (महर्जन, नेसं.११३१, पृ. ७०) (नेपाललिपिगुथि, ने.सं ११३८, पृ. १८) ।

## निष्कर्ष

प्राग-ऐतिहासिक अवस्थामा मानिसहरूमा विभिन्न समयमा आफ्नो मन मष्तिष्कमा पलाएका अनेकन भाव, विचारहरू अरुलाई व्यक्त गर्न वा साट्न मन लागे होलान् । त्यतिबेला स्वत: स्फूर्त तरिकाले उपलब्ध भएका सामग्रीहरूद्वारा ढुङ्गामा कोरेर अथवा कुँदेर आफ्ना भाव र विचारहरू प्रकट गरे होलान् । प्रामाणिक रूपमा हेर्दै जाँदा पनि आज भन्दा पाँच हजार वर्ष पुरानो सुमेरिया (मिसोपोटामिया)का सभ्यताका गुफाहरूमा विभिन्न चित्र व चित्रलिपि आदि कोरेरे अथवा कुँदेर बनाइराखेको पाउँछौं । यसरी जीवनयापनको क्रममा आफूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा भोगेका र महसुस गरेका भोगाई र सिकाईका अनुभव, भाव, विचारहरूको प्रस्तुतिकरणलाई लेखन परम्पराको वीजारोपण भएको मान्नुपर्छ । वास्तवमा लेखन कलाको आरम्भसँगै इतिहासको युग सुरु भएको मानिन्छ । भ्रूण लिपि, चित्र लिपि हुँदै अर्थ बुझाउने शब्दको लिपि, अक्षरको लिपि विकास भई अन्तिममा वर्णको लिपि विकास भयो । तथापि विश्वका कति लेखन कलाहरू जस्तै एलम, क्रीट, र ग्रीसका पुराना लेखन हालसम्म पढ्न सकिएका छैनन । प्रामाणिक आधारमा पुरालेखनको आरम्भिक गतिविधिबारे बढि जानिएका ठाउँ पश्चिम एशियाका प्राचीन मेसोपोटामिया (ईराक), मिश्र (इजिप्ट) र वरिपरिका क्षेत्रहरू हुन् । मेसोपोटामियाका सुमेरियनहरूले करीब चार हजार वर्ष अघि शब्दाक्षरात्मक लेखनको चरणमा कीलाक्षर (क्यूनिफर्म स्क्रिप्ट) को प्रणाली चलाए । यस लिपिमा चित्रचिह्नको माध्यमबाट वस्तुविशेषलाई बुझाइन्थ्यो । सुमेरियनहरूले विभिन्न साहित्यिक रचनाको साथसाथै विधिव्यवहारका कुरा, न्यायलयको निर्णय तथा बन्द-व्यापारका कुराहरू यही क्यूनिफर्म लिपिबाट नै लेखिएको पाइन्छ । त्यस्तै मिश्र देशका निवासीहरूले चित्रमय चिह्नबाट धार्मिक तथा सार्वजनिक स्थानमा लेखिने आफ्नै लिपिको विकास गरे जसलाई पवित्र लेखन अथवा धार्मिक लेखन (हाइरोग्लिफिक स्क्रिप्ट) मानिएको थियो । उनिहरू यस लिपिलाई देवताले नै सिर्जना गरेको हो भनी मान्थे । अभिलेखमा यो लिपि कतै दाँयाबाट बाँया त कतै बाँयाबाट दाँया र कतैकतै दाँयाबाट दाँया नै र बाँयाबाट बाँया नै हुनेगरी मिश्रित पद्धतिले लेखिएको पाइएको छ । हाल विश्वभरि चलिरहेको प्राय: सबै लेखनपद्धतिहरू यिनै क्षेत्रबाट प्रभावित भई विकसित भएका मानिन्छन् । हुन त भाषाभन्दा लिपिको विकास धेरै पछि विकास भएको देखिएता पनि नेपालको सन्दर्भमा लेखन कलाको विकास प्रमाणिक आधारमा भन्नु पर्दा ईसा पूर्व तेस्रो शदीमा वीजारोपण भएको देखिन्छ । नेपालमा विशेषत: लेखनपद्धतिको इतिहास खोतल्दै जाने गर्नेक्रममा वर्णात्मक लेखन पद्धतिले स्थान ओगटेको छ । सर्वप्रथमत: ब्राह्मी लिपिबाटै नेपालमा अरूलिपि तथा लेखन पद्धतिको वीजारोपण भइएको देखिन्छ । यसरी ब्राम्हीलिपिबाट विकास हुँदै गुप्तलिपि (पूर्वलिच्छवि लिपि) र कुटिलालिपि (उत्तरलिच्छवि लिपि)बाट विकास भई आएको प्राचीन नेपाललिपि हो । त्यसपछि विभिन्न त्यही प्राचीन नेपाललिपिबाट नै अरु विभिन्न लिपि शैलीहरू पनि विकास भए । समग्रमा तिनिहरूको डीको मात्रै अलिअलि फरक रहेको छ । भुजिंम्वललिपि, ग्वलम्वललिपि, क्वँय्म्वललिपि, कूँम्वललिपि, हिँम्वललिपि, लितुम्वललिपि, पाचूम्वललिपि, रञ्जनालिपि आदि लिपिहरूमध्ये भुजिंम्वललिपि नेपाल सम्वत् ६०० सम्म निकै प्रचलनमा रहेकोले त्यसताका यहि लिपिमा कयौं पाण्डुलिपि ग्रन्थहरू लेखिएको पनि भेटाइएको छ

। त्यसपछि भुजिंम्वललिपि प्रचलनमा ह्रास आयो र रञ्जनालिपि तथा नेपाललिपि नै बढि प्रचलनमा आइरह्यो। पछि नेपाललिपि धेरै प्रचलनमा आएको हुनाले नेपाललिपिलाई प्रचलित लिपि पनि भन्न थालियो।

११औं शदीमा विकास गरिएको रञ्जना लिपि भने विशेषत: देवनागरीलिपिबाट विकसित भएको देखिन्छ, किनकि त्यत्तिबेलासम्म भारतबाट आयातित भाषा संस्कृतभाषाले यहाँका नेवारभाषासित समाग्लिन भई त्यहि भाषामा पाण्डुलिपि ग्रन्थहरू लेखिने, सारिने र अर्थ्याइने भएकोले पनि होला संस्कृतभाषाबाट लिइएका शब्दहरू निबिग्रयोस् भन्ने हेतुले जस्तो उच्चारण गरियो त्यस्तै लेख्नु पर्ने भएकोले पनि देवनागरीलिपिका अक्षरहरू सापटी लिई रञ्जनालिपिको विकास गरिएको हुन सक्छ। यो रञ्जनालिपि आफै पनि द्य:लिपि (देवलिपि), लुँआख: (सुन अक्षर) आदि नामले प्रसिद्ध छ। तसर्थ विभिन्न चर्चित बहाल बहिलहरूमा प्रसिद्ध बौद्धग्रन्थ 'प्रज्ञापारमिता' यहि रञ्जनालिपिमा सुनको अक्षरले लेखिएको पनि पाइएको छ। यद्यपि २०औं शताब्दीपछि नेपाललिपिले सरकारी मान्यता पाइएको थिएन । नेपाल सम्वत् ११०० अर्थात् आजभन्दा ४३ वर्ष अघिदेखि नेपाललिपि गुथिले नेपाललिपि तथा रञ्जनालिपिको पुनर्जागरण तथा प्रवर्द्धन गर्दै आइरहेको सर्वविधितै छ। साथै आजभोलि नेपालमण्डल विशेषत: उपत्यकाका विभिन्न वडाभित्र रहेका टोल, ननि, चोक, बहाल बहीको साथसाथै बाटोघाटो लगायत नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाका कार्यालयमा रञ्जनालिपि र नेपाललिपिको प्रयोग पुन: प्रयोग हुँदै आएको देखिन्छ। त्यत्तिमात्रै हैन आजभोलि महानगरपालिकाका विभिन्न सवारीसाधनहरूमा पनि रञ्जनालिपि र नेपाललिपिको प्रयोग गर्न थालिएको छ। हाल स्थानीय पाठ्यक्रमको शिक्षा अन्तर्गत रही काठ्माण्डौ महानगरपालिकाको पहलकदममा विगत दुईवर्षदेखि सरकारी विद्यालयको आधारभूत तहसम्मका विद्यार्थीहरूको पाठ्यक्रममा नेपालभाषा लगायत नेपाललिपि र रञ्जनालिपि पनि भित्र्याइएको छ। नेपाललिपि तथा रञ्जनालिपिको संरक्षण, प्रवर्द्धन तथा जगेर्ना हेतु हाल राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरले युवा पिढिंहरूलाई पुस्तान्तरण गर्ने हेतुले विभिन्न तालिम, कार्यशाला, गोष्ठी जस्ता कार्यक्रमहरू लगातार रूपमा हुँदै आइरहेको छ। त्यत्तिमात्रै हैन आजका युवापिढिंहरूलागि सरकारी तवरले पनि यस नेपालको मौलिक लिपि नेपाललिपि तथा रञ्जना लिपिको संरक्षण, सम्बर्द्धन हेतु विभिन्न लिपिसम्बन्धी कार्याशाला, गोष्ठी र तालिमहरू दिंदै लानुपर्छ। यसले ऐतिहासिक कुनैपनि विषयवस्तुको अध्ययन गर्नको लागि अवश्य पनि सहायकको भूमिका निर्वाह गर्दछ। साथै आगामी दिनहरूमा नयाँ तथा भावी पुस्ताले थप अर्को एउटा लिपि सहज, सुलभ तथा सरल तवरले सिकेर यसको प्रबर्द्धनमा महत्त्वपूर्ण भूमिका खल्नेछ।

## सन्दर्भ सामग्री सूची

कसा:, शरद (ने.सं.११३५). *नेपाल लिपि परिचय*. लुमन्ति दबू, ३१-३३।

नेपाललिपिगुथि. (नेसं११३८). *रञ्जना लिपि*. नेपाल लिपि गुथि।

पौडेल, नयनाथ (२०७८). *लिच्छवि लिपि*. प्रमिला पौडेल।

बज्राचार्य, बज्रमुनि (ने.सं. ११३५). लिपिया विकास व महत्त्व. लुमन्ति दबू, १५-१९।

बाङ्गदेल, लैनसिंह (२०६३). *जय वर्माको मूर्ति र नेपालको वर्मा वंश*. मण्डला प्रकाशन।

महर्जन, जीवनकुमार (नेसं११३१). *लिपिया ऐतिहासिक विकासक्रम लेखन-पद्धति*. मा तुयु बहादुर महर्जन, भाषाविज्ञान व नेपालभाषा (पानाहरु ६६-६९). यैं: नेपालभाषा शिक्षण समिति व पलेस्वां पुचः, पद्मकन्या क्याम्स।

रेग्मी, दिनेशचन्द्र (२०६०). *पुरालेखन र अभिलेख*. हिमालय बुक स्टल।

सत्येन्द्र. (सन् १९८९). *पाण्डुलिपि विज्ञान*. राजस्थान हिन्दी ग्रन्थ अकादमी।